## छरछरेपाखा सामुदायिक वन उपभोक्ता समुहको
## गोलिया काठ लिलाम विक्रिको सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०२/२८**

प्रस्तुत विषयमा, आ.व. २०८२/०८३ मा समुहको दिगो वन व्यवस्थापन कार्ययोजना बमोजिम थिनिङ कार्यबाट संकलन भएको निम्न घाटगद्दी स्थलहरूमा घाटगद्दी गरी राखेको तपसिल बमोजिमको विभिन्न लट, जात, थान र परिमाणको गोलिया काठ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम विक्रि गर्नुपर्ने भएकोले मिति २०८३/०२/२८ मा दिक्षण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना बमोजिम यो विस्तृत सूचना प्रकाशित गरिएको छ । वन नियमावली, २०७९ को दफा १२८ बमोजिम सुचिकृत भएका इच्छुक काठ, दाउरामा आधारित उद्योगले दिक्षण राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित भएको मितिले २१ औं दिन (मिति २०८२/०३/१७ गते) कार्यालय समय भित्र तपसिलको स्थानहरूबाट बोलपत्र खरिद गरि २२ औं दिन (मिति २०८२/०३/१८ गते) मध्यान्ह १२:०० बजे भित्र समुहको कार्यालय कालिञ्चोक गाउँपालिका वडा नं. ९ दोलखामा सिलवन्दी बोलपत्र दाखिला गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

१. वन पैदावरको विवरण :

| सि.नं. | प्रजाती | किसिम | ग्रेड | गो. थान | ईकाइ | काठ (क्युफि) | प्रति एकाइ रु. | न्युनतम मुल्य रु. | संकलन खर्च प्रति एकाई रु. | घाटगद्दी स्थान |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छरछरेपाखा सामुदायिक वनको खण्ड नं. C1S3 र C1S4 बाट उत्पादित काठ (लट नं. १) | | | | | | | | | |
| १ | उतिस | गोलिया | A | ४५ | क्युफिट | ३४०.०९ | २०० | ६८०१८ | १५०/- | ठुलोसिम |
| २ | उतिस | गोलिया | B | १९४९ | क्युफिट | ४२९२.७२ | १५० | ६४३९०८ | | |
| लट नं. १ को जम्मा | | | | १९९४ | | ४६३२.८१ | | ७११९२६ | | |

२. बोलपत्र खरिद र दाखिला गर्ने अन्तिम मिति, समयः

क) बोलपत्र खरिद गर्ने स्थानः डिभिजन वन कार्यालय दोलखा र छरछरेपाखा सामुदायिक वन उपभोक्ता समुह कालिञ्चोक गा.पा.-९ दोलखाको कार्यालय ।

ख) खरिद गर्ने अन्तिम मिति र समयः पत्रिकामा सुचना प्रकाशन भएको मितिले २१ औं दिन (मिति २०८३/०३/१७ गते) कार्यालय समय भित्र

ख) दाखिला गर्ने अन्तिम मितिः पत्रिकामा सुचना प्रकाशन भएको मितिले २२ औं दिन (मिति २०८२/०३/१८ गते)

ग) दाखिला गर्ने अन्तिम समयः अपरान्ह १२ बजे

घ) बोलपत्र दाखिला गर्ने अन्तिम मितिमा सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट अपरान्ह १२ बजे भित्र बोलपत्र दाखिला गरिसक्नुपर्नेछ ।

३. बोलपत्र फारम प्रति लटको रु. १०००/— पछि फिर्ता नहुने गरि तिरी डिभिजन वन कार्यालय, दोलखा र यस समुहको कार्यालयबाट खरिद गरी समुहको कार्यालयमा मात्र दाखिला गर्न सकिनेछ । साथै काठको कबोल गरेको रकमको १०% ले हुन आउने रकम यस समुहको नेपाल बैंक लिमिटेड चरिकोट शाखामा रहेको खाता नं. १३०००१००६३७५५१००००००१ मा जम्मा गरेको सक्कल भौचर समावेश गर्नुपर्नेछ ।

४. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समयभित्र उल्लेखित घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ । काठ जे, जस्तो अवस्थामा रहेको छ सोहि अवस्थामा लिलाम विक्रि गरिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोपराइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व. २०८१/०८२ को कर चुक्ताको प्रमाणपत्र, भ्याट दर्ता प्रमाणपत्रको

प्रतिलिपी वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी र उद्योग रहेको सम्बन्धित डिभिजन वन कार्यालयबाट लिएको उद्योगको सुचिदर्ताको प्रमाणपत्रको प्रतिलिपी बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

७. निर्धारित न्युनतम संख्या र रितपुर्वक पर्न आएका बोलपत्रहरू पत्रिकामा सुचना प्रकाशन भएको मितिले २२ औं दिन अपरान्ह २:०० बजे साक्षिहरूको रोहवरमा यस समुहको कार्यालयमा खोलीनेछ । सो दिन सार्वजनिक विदा परेमा सार्वजनिक विदाको भोलिपल्ट सोहि समयमा खोलिनेछ ।

८. सामुदायिक वनको काठ दाउरा संकलन तथा विक्रि वितरण निर्देशिका २०७१ बमोजिम लिलाम स्वीकृत भई जानकारी प्राप्त भएको मितिले १० (दश) दिन भित्र सकारकर्ताले सकार गरेको रकम तथा निर्धारित मु.अ.क., संकलन खर्च समेतको रकम छुट्टाछुट्टै बुझाई सक्नु पर्नेछ ।

९. लिलाम सकार अंक काठको न्युनतम मुल्यको आधारमा बढाबढ हुनेछ । बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । शर्त राखिएका बोलपत्रहरू स्वीकृत गरिनेछैन ।

१०. बोलपत्र मान्य नहुने अवस्थाहरू

- प्रत्येक लटको लागि छुट्टाछुट्टै सिलबन्दी नगरि प्राप्त हुन आएको बोलपत्र
- सम्बन्धित समुहको छाप र अध्यक्षको दस्तखत गरि प्रमाणित हुनुपर्नेमा सो नभएको बोलपत्र वा विक्रि नभएको बोलपत्र वा विक्री भएको बोलपत्रको प्रतिलिपी दाखिला गरेको बोलपत्र
- बोलपत्र जसको नाममा खरिद गरिएको हो उसैको तर्फबाट दाखिला नगरेको बोलपत्र
- बोलपत्रदाताको हस्ताक्षर (फर्म, कम्पनी, उद्योगको हकमा छाप समेत) नभएको बोलपत्र
- सकार अंकको १० प्रतिशत धरौटी बापतको रकमको बैंक भौचर समावेश नभएको वा कम रकमको भएको बोलपत्र
- बोलपत्र आव्हानको सूचनामा तोकिएका अन्य शर्तहरू पुरा नभएको
- म्यादभित्र पेश हुन नआएको बोलपत्र
- बोलपत्रको पुर्णता परिक्षण बमोजिम कागजात नभएको ।

११. बोलपत्र सदर वा वदर गर्ने सम्पुर्ण अधिकार यस एक्लेपाखा पात्लेपोखरी सामुदायिक वन उपभोक्ता समुहमा निहित रहनेछ । थप जानकारीको लागी फोन नं. ९८४९२३०१३२/९८६६३२२३५३ मा सम्पर्क गर्न सक्नुहुनेछ ।